**"समृद्ध प्यूठान नगरपालिका निर्माणको आधार**
**सामाजिक न्याय र दिगो विकास सहितको पूर्वाधार"**
**प्यूठान नगरपालिकाको १९ औं नगरसभामा प्रस्तुत**
**आर्थिक वर्ष २०८२/०८३ को**
**नीति तथा कार्यक्रम**

प्यूठान नगरपालिकाको १९ औं नगरसभामा उपस्थित नगर उप प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सदस्यज्यूहरु, नगरपालिकाका कर्मचारी साथीहरु,

नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। संघीय शासन प्रणाली र समाजवाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि भएका जनयुद्ध, जन आन्दोलन र विभिन्न समयमा भएका सम्पूर्ण न्यायपूर्ण राजनैतिक आन्दोलनहरुमा बलिदान गर्नुहुने सम्पूर्ण सहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै घाईते र अपाङ्गहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

राज्य पूनसंरचना सँग संगै सिंहदरबारको अधिकार जनताको घरदैलोमा पुर्‍याउने उद्देश्यका साथ जनताको प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने स्थानीय सरकारको रुपमा यहाँका जनताहरुको सेवा गर्ने महान अभिभारा हामीलाई प्राप्त भएको छ । अबको बाँकी कार्यकालमा सीमित श्रोत साधनको कुशलतापुर्वक परिचालन गरि समानता, सामाजिक न्याय, समावेशी, समानुपातिक प्रतिनिधित्व र समतामूलक समाजको निर्माण गरी सबै नगरवासीलाई विकासको मूल प्रवाहमा ल्याउने महत्वपूर्ण जिम्मेवारी हामीमा रहेको छ । स्थानीय सरकारले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको अधिकार एउटै छानामुनिबाट अभ्यास गरिरहेको छ, जहाँ प्रत्यक्ष निर्वाचित प्रमुख र उपप्रमुखको अभ्यास पनि भएको छ । संविधानले परिकल्पना गरेको तीन तहको सरकारको सम्वन्धको सैद्धान्तिक आधार समन्वय, सहकार्य र सहअस्तित्व भएकोले यस नगरपालिकाले सो सैद्धान्तिक आधारलाई आत्मसात गरी तहगत सम्बन्धलाई बलियो बनाई अगाडी बढ्नेछ ।

यो नगरपालिका स्थापना भई आजका दिनसम्म भएका प्रयासहरुले सम्पूर्ण नगरपालिकाको विकासका केही आधार खडा भएका छन । आर्थिक, सामाजिक, पुर्वाधार, विपद् तथा वातावरण र सुशासनका क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ । नगरपालिकाको बृहत्तर विकासको लागि दीर्घकालीन विकासको खाका तयार गर्ने गरी यो नीति तथा कार्यक्रम प्रस्तुत गरेका छौँ ।स्थानीय तहलाई प्राप्त हुने विभिन्न अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक राजश्वबाट प्राप्त हुने रकम गरी जम्मा उपलब्ध श्रोत र साधनलाई अधिकतम रुपमा परिचालन गर्दै दिगो विकासका लक्ष्यहरु हासिल गर्ने दिशामा हामी प्रयत्नरत छौँ।

पहाडी जिल्लामा रहेको हाम्रो जस्तो नगरपालिकामा आधारभूत पूर्वाधारहरुको कमी र नगरवासीको विकास र सुशासन प्रतिको तीव्र आकांक्षालाई परिपूर्ति गर्ने जिम्मेवारी हामीलाई प्राप्त भएकोले सोही बमोजिम जन आकांक्षा परिपूर्ती गर्नको लागि हामी निरन्तर लागि रहने प्रतिवद्धता जाहेर गर्दछौ ।

शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार, वन, वातावरण तथा सरसफाई, पर्यटन प्रवर्धन, श्रम रोजगार, उद्यमशीलता, सेवा प्रवाह, सुशासन प्रवर्धन, भ्रष्टाचार नियन्त्रण लगायतका विभिन्न क्षेत्रमा तत्कालीन तथा दीर्घकालीन नीतिहरु निर्धारण गरी नागरिकको अपेक्षा अनुरुप नगरपालिकाले थुप्रै कामहरु गर्नुपर्ने देखिन्छ । उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सृजना, सुशासन प्रवर्द्धन, सामाजिक सेवा प्रवाहमा सुधार र सरलीकरण, नागरिक मैत्री प्रशासन, भष्टचार नियन्त्रण प्यूठान नगरपालिकाको प्रमुख प्राथमिकतामा रहेको छ । जनअपेक्षामा खरो उत्रनका लागि तल्लो तह (बस्ती, टोल र वडा) बाट योजना तथा कार्यक्रमहरु संकलन तथा योजना प्राथमिकीकरण गरी योजना छनोट गर्ने र उक्त योजनाहरु स्थानीय स्तरमा उपलब्ध श्रोत, साधन र जनशक्तीको प्रयोग गरी कार्यान्वयन गरिनेछ । प्यूठान नगरपालिकाको वृहत्तर विकास नगरपालिका

एक्लैको प्रयासबाट मात्रै सम्भव छैन । यसको लागि संघ, प्रदेश, नागरिक समाज, गैर सरकारी संस्थाहरु, राजनैतिक दलहरु, निजी क्षेत्र र सबै नगरबासीसँग हातेमालो गरेर अघि बढ्ने नीति लिइनेछ ।

प्यूठान नगरपालिका संघीय लोकतन्त्रिक गणतन्त्रका आधारभुत मान्यता, मानव अधिकार, सामाजिक न्याय, सहकारीता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति पुर्ण प्रतिवद्द रहनेछ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिको रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नसिल रहनेछ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूती सवै नगरवासीले गर्न सकुन भन्ने विषयमा नगरपालिका सधै सचेत रहनेछ ।

नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक विविधतालाई आत्मसात गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न नगरपालिका दृढ रहनेछ । हामीहरु योजनावद्द रुपमा र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनु पर्छ भन्ने कुरामा प्रतिवद्द छौँ ।जनप्रतिनिधिहरु मालिक होइन सेवक हौ भन्ने मान्यतामा आधारित रहेर जनउत्तरदायी, पारदर्शी, सुशासनयुक्त र भ्रष्टाचारमुक्त भएर मात्र समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले मार्ग दर्शनको रुपमा ग्रहण गरेका छौ । जनप्रतिनिधिहरुको नीतिगत प्रतिवद्धतालाई नगरपालिकाको कर्मचारी संयन्त्रको प्रशासनिक कटिवद्धताले नीति, योजना, बजेट तथा कार्यक्रम कार्यान्वयन गरी नगरपालिकाको सम्बृद्धिको सपना साकार हुने कुरामा विश्वस्त छौं ।

अव म आ व २०८२/०८३को नीति तथा कार्यक्रमका सैद्धान्तिक आधारहरु प्रस्तुत गर्न चाहन्छु ।

प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्दा निम्न आधारहरुलाई आत्मसात गरिएको छः

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची ,
- दिगो विकासका लक्ष्य तथा परिसूचकहरु,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरु,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक विकास, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, धारा ५९ को आर्थिक अधिकार र भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीयतहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- संघीय सरकारले अंगिकार गरेको १६औ योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपालले अन्तरराष्ट्रिय जगतमा जनाएका प्रतिबध्दताहरु एवं सन्धी सम्झौताहरु,
- स्थानीय शासन सञ्चालन संबन्धी कानून, आदेश ,नियमावली, प्रावधानहरु,
- स्थानीय तहका सम्बन्धमा भएका अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्दाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्णसरसफाई एवं उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- स्थानीय सरकार संचालन ऐन २०७४,
- नेपाल सरकारको आर्थिक सर्वेक्षण तथा राष्ट्र बैंकको मौद्रिक नीति,
- नेपाल सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

अब म प्यूठान नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम बुदागत रुपमा पेश गर्ने अनुमति चाहन्छु ।

## शिक्षा युवा तथा खेलकुद तर्फ

- प्रारम्भिक बालविकास केन्द्रमा बालवालिकाको सर्वाङ्गीण विकास तथा आधारभुत शिक्षाको तयारीका लागि पर्याप्त पुर्वाधार र गतिविधिहरुलाई व्यवस्थित, प्रभावकारी र बालमैत्री बनाइनेछ। बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता विकास गरिनेछ।
- नगरपालिका क्षेत्रभित्र उच्च शिक्षामा सुधारका लागि स्वर्गद्वारी बहुमुखी क्याम्पस, झिमरुक क्याम्पस मा उच्च शिक्षाको कार्य संचालन तथा व्यवस्थापनको लागि अनुदान रकम उपलब्ध गराईनेछ।
- राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (Early Grade Learning) अन्तर्गत वालवालिकामैत्री कक्षाकोठा, सिकाई कुनाहरु, सबै बालवालिकाहरुको शिक्षामा पहुँच सुनिश्चितता, समता र समावेशिता प्रवर्धन गरिनेछ।
- प्यूठान नगरपालिकाको शैक्षिक सुधारको लागि गठित कार्यदलले पेश गरेको प्रतिवेदन कार्यन्वयन गर्दै लगिनेछ।
- वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी शिक्षा अन्तर्गतका क्रियाकलापहरु पुर्वानुमानयोग्य बनाईनेछ।
- नगरशिक्षा योजना निर्माण गरी शिक्षा क्षेत्रलाई व्यवस्थित गरिनेछ।
- १२ महिना १२ अतिरिक्त क्रियाकलाप संचालन गरी बालबालिकाको चौतर्फी बिकासमा जोड दिईनेछ।
- माध्यमिक शिक्षा सम्मको उमेर समुहका सबै बालबालिकाहरुलाई निशुल्क रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने ब्यवस्था मिलाइ माध्यमिक तहसम्म निशुल्क शिक्षालाई थप व्यवस्थित गर्दै लगिनेछ।
- विद्यालय क्षेत्रको १०० मिटर वरपर जंकफुड, मादक पदार्थ र सूर्तीजन्य पदार्थको बिक्री वितरणलाई पूर्ण रुपमा रोक लगाईनेछ।
- विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण र सुपरीवेक्षणको ब्यवस्था मिलाइनेछ। विद्यालय सुपरीवेक्षण तथा पेशागत सहायताका लागि स्रोत विज्ञको ब्यवस्था गरिनेछ।
- विद्यालयलाई हिंसारहित,भयरहित र बालमैत्री बनाईनेछ ।नयाँ निर्माण हुने भौतिक पुर्वाधारहरु विपद् जोखिममुक्त, सुरक्षित, बालमैत्री ,छात्रामैत्री र अपांगमैत्री बनाउनुका साथै हरित विद्यालयको अवधारणालाई विशेष जोड दिइनेछ।
- विद्यार्थी दिवा खाजा कार्यक्रमलाई थप सुद्धिढ गर्दै "हर बार खाना चार"मा जोड दिइनेछ। नगरपालिका भित्र संचालनमा रहेका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई भौगोलिक अवस्था,जनसंख्याको वितरण र सामाजिक न्याय हेरी नक्शांकनका आधारमा समायोजन गरी शिक्षक कर्मचारीको दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ ।संस्थागत विद्यालयहरुको नियमन गरिनेछ।
- विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन नियमित रुपमा अनुगमन, निरीक्षण र सुपरीवेक्षणको ब्यवस्था मिलाइनेछ। सुपरीवेक्षणलाई प्रभावकारी बनाउन विषयगत शिक्षकको रोष्टर समुह निर्माण गरी प्रधानाध्यापक र शिक्षा अधिकृत समेतको समुह द्वारा समुह सुपरीवेक्षण तथा पेशागत सहायता प्रदान गरिनेछ। विद्यालय अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाइनेछ।
- वार्षिक कार्यसम्पादन तथा विद्यार्थीको नतिजामा उत्कृष्टता हासिल गरेका शिक्षक/कर्मचारी, उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन गरिनेछ।
- बालबालिकाको सर्बाङ्गीण विकासका लागि विद्यालय र पालिका स्तरमा खेलकुद प्रतियोगिता संचालन गरिनेछ।
- सामुदायिक सिकाई केन्द्र, नेपाल स्काउट र नेपाल रेडक्रस सोसाईटी संगको समन्वयमा युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ र नेपाल रेडक्रस सोसाईटी, नेपाल स्काउटलाई मा.वि. तह सम्म बिस्तार गरिनेछ।
- गुणस्तरीय शिक्षा सुनश्चितताको लागि सामुदायिक विद्यालय रुपान्तरण कार्यक्रम अन्तर्गत विद्यालय शिक्षालाई प्रविधीमैत्री बनाई शिक्षण सिकाईमा रहेको असमानता कम गर्न र गूणस्तरिय शिक्षामा सबैको पहुँच वृद्धि गर्न पालिकाभित्र १ वटा नमूना आवासीय विद्यालय कार्यक्रम संचालन गरिनेछ।
- मेरो विद्यालय हप्तामा मेरो १ दिन श्रमदान कार्यक्रम सुरुवात गरी हप्तामा १ दिन विद्यार्थीहरुलाई विद्यालयको हितको कार्यमा परिचालन गरिनेछ ।

- विद्यार्थीको लागि विशेषज्ञ नमूना शिक्षण लगायतका शैक्षिक सुधार कार्यक्रम लागु गरिनेछ ।
- विद्यालय, विद्यालय व्यवस्थापन समिति र अविभावक संघबिचको सम्वन्धलाई सुमधुर बनाउन पहल गरिनेछ ।
- सामुदायिक विद्यालय रुपान्तरण कार्यक्रम अन्तर्गत विद्यालय शिक्षालाई प्रविधी मैत्री बनाई शिक्षण सिकाइमा रहेको असमानता कम गर्न र गुणस्तरीय शिक्षामा सबैको पहुंच बुद्धि गर्न एक पालिका एक स्मार्ट विद्यालय को कार्यक्रम कार्यान्वियन गरिनेछ ।
- विद्यालय सञ्चालन तथा शिक्षक व्यवस्थापन निर्देशिका तर्जुमा गरी थौरै विद्यालय धैरै विद्यार्थी, विद्यार्थीसंग विशेषज्ञ नमुना शिक्षण विद्यालय, मेरो विद्यालय मेरो दायित्व, विद्यालयका लागि मेरो एकदिन, लगायतका शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।
- व्यवस्थापकीय क्षमताको विकास गर्न सवै प्रध्यानाध्यापकहरुलाई नेतृत्व विकास सम्वन्धी तालिम दिइनेछ ।
- विद्यालय छोड्ने दरलाई शुन्यमा झार्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयलाई लेखा तथा जिन्सी सम्बन्धी तालिम दिई आर्थिक तथा जिन्सी अभिलेख चुस्त दुरुस्त बनाइनेछ ।
- सञ्चालनमा रहेको अभिभावक विहीन वालवालिकालाई आवासीय सुबिधा सहित (माध्यमिक तह) सम्मको निशुःल्क शिक्षा थप प्रभावकारी बनाईनेछ ।
- स्थानीय उत्पादनको उपयोग गर्नेगरी दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- नगरपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरुमा सबैका लागि खेलकुद तथा योग अभ्यासको अवसर सृजना गर्ने, नगरपालिका स्तरमा प्रतिभावान खेलाडीको खोजी गर्ने, विद्यालयका शिक्षक तथा विद्यार्थीलाई खेलकुद तालिम दिने, उमेरगत खेलकुद प्रतियोगिता संचालन गरिनेछ यसका लागी खेलकुद शिक्षकको व्यवस्था गरिने छ ।
- नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका संस्थागत विद्यालयहरुले प्रचलित कानून वमोजिम उपलब्ध गराउनुपर्ने छात्रवृत्ती सुविधालाई कार्यान्वयन गर्न आवश्यक कार्यबिधी निर्माण गरी लागु गरिनेछ ।
- पढदै कमाउदै कार्यक्रमलाई थप प्रभावकारी बनाईने छ ।
- कक्षा १ देखी कक्षा ८ सम्मको स्थानीय पाठ्यक्रम (हाम्रो प्यूठान नगरपालिका) निर्माण भइसकेकोले आगामी शैक्षिक सत्र देखी आवश्यक पाठ्यपुस्तक र शैक्षिक सामग्री पनि व्यवस्थापन गरिने छ ।
- सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान लाई निरन्तर कार्यान्वियन गदै लगिने छ र आवश्यक देखिएमा पालिका अनुदान थप गर्दै लगिने छ ।
- यूवा परिषद गठन गरिने छ ।
- निजी स्कुल, सहकारी लगायत औपचारिक तथा अनौपचारिक क्षेत्रमा कार्यरत शिक्षक, कर्मचारी एवम श्रमीक हरुलाई सामाजिक सुरक्षा कोषमा जोडिने छ ।
- शिक्षक बैंकको ब्यवस्था गरी शिक्षण कार्यलाई थप प्रभावकारी बनाईनेछ ।

स्वास्थ्य तर्फ

- पूर्ण खोप सुनिश्चिततालाई निरन्तरता दिइनेछ ।
- आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ र नागरिकको पहुँच योग्य बनाईनेछ ।
- नगरपालिकाद्वारा संचालित एम्बुलेन्स सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ । नगर क्षेत्र भित्रका सरकारी स्वास्थ्य संस्थामा सुत्केरी हुने नगरबासीहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईनेछ ।
- वर्थिङ सेन्टरमा आवश्यक सामग्री खरीद गरी गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण बनाईनेछ । साथै बाल मृत्युदर, मातृमृत्युदर घटाउने किसिमबाट विशेष कार्यक्रम संचालन गरिनेछ ।
- नेपाल रेडक्रस सोसाईटीले संचालन गरिरहेको रक्त संचार सेवालाई निरन्तरता दिन सहयोग गरिनेछ ।

- विद्यालय पोषण तथा स्वास्थ्य शिक्षाको माध्यमबाट किशोर किशोरी मैत्री विद्यालय तथा स्वास्थ्य संस्थाको अवधारणा अवलम्बन गरिनेछ।
- स्वास्थ्यमा सर्वव्यापी पहुँचको अवधारणा अनुरुप प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ।
- सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर किशोरी तथा प्रजनन् स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाहरुको बिकास र बिस्तार गरिनेछ।
- पोषणमैत्री स्थानीय तहको अवधारणालाई अबलम्बन गरी आवश्यक पुर्व तयारीका क्रियाकलापहरुलाई अगाडि बढाईनेछ।
- कुपोषण न्यूनीकरणका लागि पोषण प्रवर्धन कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट तोकिए बमोजिम निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिएको वा नगरिएको सुनिश्चित गरिनेछ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक औषधी, औषधीजन्य सामग्री, औजार, उपकरण तथा निदानात्मक सेवाको व्यवस्था गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रका सवै नागरिकहरुलाई तोकिए बमोजिम विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचमा विस्तार गर्दै लगिनेछ।
- स्वास्थ्य सेवाको पहुँचलाई थप प्रभावकारी गराउन आयुर्वेद स्वास्थ्य सेवालाई बिस्तार तथा व्यवस्थापन गरिनेछ।
- सरुवा रोग, कीटजन्य रोग, पशुपन्छीजन्य रोग र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्वतयारी तथा प्रतिकार्यको उपायहरू अवलम्बन गरिनेछ।
- स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ।
- स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा विस्तार गर्दै लगिनेछ।
- लागु औषध दुर्व्यसन निरुत्साहनका लागि विद्यालय स्तरमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- प्यूठान नगरबासीहरुको लागी निशुल्क रक्तसञ्चार सेवा उपलब्ध गराइने छ।
- प्यूठान अस्पतालमा उपचार गर्न आएका नगरबासीहरुलाई निशुल्क OPD दर्ता गर्ने ब्यबस्था गरिनेछ।
- विकट र दुरजराजका बस्तीहरुमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- प्यूठान नगरपालिका जेष्ठ नागरिक, गरिव विपन्न र विकट क्षेत्रका नागरिकहरुको स्वास्थ प्रति संवेदनशील रहेको छ, जसका लागि प्यूठान नगरपालिकाद्वारा जेष्ठ नागरिक, गरिव विपन्न र विकट क्षेत्रका नागरिकहरुको लागि घरदैलोमा “हेल्थ स्क्रिनिङ कार्यक्रम” तथा अन्य स्वास्थ्य सेवा सञ्चालन गरिने छ।
- जेष्ठ नागरिकलाई प्रदान गर्दै आएको निशुल्क आखा उपचार सेवालाई सबै वडाहरुको पहुँचमा पुर्‍याइनेछ।
- सुत्केरीसँग नगरपालिका कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- स्थानीय प्रशासन, शिक्षा, स्वास्थ्य, पर्यटन र सामाजिक विकासको क्षेत्रमा योग ध्यान र स्वजारणका मौलिक र वैज्ञानिक पद्दत्तिलाई मुल प्रवाहीकरण गरी स्वस्थ्य र नैतिकवान समाज निर्माण गर्न पालिका स्तरमा योग र ध्यानको स्वजागरण अभियान संचालन गर्ने।
- महिला स्वास्थ्य स्वयम सेविकाहरुको मनोवल उच्च बनाउन प्रोत्साहन रकम र संचार खर्च उपलब्ध गराईनेछ।
- बैकल्पिक उपचार सेवा(आयुर्वेद, युनानी उपचार सेवा, होमियोप्याथी) प्रवर्धन गरिनेछ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत सुनौलो हजार दिनका आमा र बच्चालाई केन्द्र बिन्दुमा राखेर पोषण कार्यक्रम संचालन गरिने छ।
- आधारभूत र आकस्मिक स्वास्थ्य सेवाका लागि सूचीकृत गरिएका अत्यावश्यक औषधी खरिदका लागि आवश्यक बजेटको ब्यवस्था मिलाईने छ।

● प्युठान नगरपालिका वडा नं ५ मा संचालन हुन लागेको सहरी स्वास्थ्य केन्द्र संचालनको लागी आवश्यक बजेटको व्यवस्था गरिने छ।

● प्यूठान नगरपालिका भित्र रहेका असहाय, अशक्त, गरीब तथा बिपन्न वर्गको लागी निशुल्क स्वास्थ्य विमा लागु गरिने छ।

योजना कार्यान्वयन तर्फ

● संघ तथा प्रदेशका विषयगत कार्यालयहरुले बिभिन्न भौतिक पूर्वाधार, आयआर्जन तथा सशक्तिकरण लगायतका कार्यक्रम सञ्चालन गर्दा नगरपालिकासंग समन्वय मार्फत संचालन हुने व्यवस्था गरिनेछ।

● उपभोक्ता समितिबाट हुने योजना कार्यान्वयनको लागत सहभागितालाई १० प्रतिशत कायम गरिनेछ।

● उपभोक्ता समितिलाई योजना सम्झौता, कार्यान्वयन तथा फरफारक सम्बन्धमा नगरपालिकाबाट अभिमुखिकरण तालिम सञ्चालन गरिनेछ।

● योजना कार्यान्वयनको बार्षिक कार्यतालिका तयार गरी सोही अनुरुप योजना कार्यान्वयन गरिनेछ।

● योजनाको लागत अनुमान रु.३ लाख देखि माथि भएका योजना तथा कार्यक्रमहरुको नगरपालिका स्तरीय अनुगमन समितिवाट अनुगमन गरी भूक्तानीको लागि सिफारिस गरेपछि मात्र नगरपालिकावाट भूक्तानी दिने कार्यलाई निरन्तरता दिईनेछ। सो भन्दा कम लागतका योजना तथा कार्यक्रमको अनुगमन वडाबाट हुने व्यवस्था गरिनेछ।

● आयोजना तथा कार्यक्रमहरुको सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण, चौमासिक तथा वार्षिक समीक्षा जस्ता सुशासनका औजारहरुलाई कडाइका साथ अवलम्बन गरिनेछ।

● योजना शाखाको कार्यलाई डिजिटल गराउनको लागि सफ्टवेयर प्रयोग गरिनेछ।

● विकास आयोजना छनोट गर्दा उत्पादन र रोजगारी सृजनालाई प्रमुख आधार मान्दै प्रतिफल सुनिश्चितता हुने आयोजना मात्र छनोट गरिनेछ।

● योजना तोकिएको समयमा पुरा गर्ने गरी व्यवस्था गरिनेछ , समयमा  काम सम्पन्न नगर्ने योजनाहरु खारेज गर्ने रणनीति लिईनेछ।

● लागत साझेदारी मार्फत कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

कृषि सम्बन्धी नीति तथा कार्यक्रम:

"उत्पादन संगै कृषि बजार, समुन्नत  नगरको आधार" भन्ने नारालाई सफल बनाउन देहायका निति तथा कार्यक्रम तय गरिएको छ।

● किसानको पहिचान, तीनै तहवाट संचालन हुने कृषि विकासका कार्यक्रमलाइ वैज्ञानिक, पारदर्शी र प्रभावकारी बनाउन, कृषकको मनोवल उच्च बनाउँदै कृषि विकासमा उत्प्रेरित गर्न , अनुदानका कार्यक्रमहरुलाई व्यवस्थित गर्न र समग्रमा कृषि सुशासन प्रवर्धन गर्न  नगरपालिकाभित्रका सम्पूर्ण कृषकहरुको  सूचीकरण  गरी किसान परिचयपत्र प्रदान गरिनेछ।

● प्यूठान नगरपालिकालाई दुध र तरकारीमा आत्मनिर्भर बनाउन  कृषकहरुलाई  बजारीकरणमा  आधारित  अनुदान कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थापन गरिनेछ।

● बैंक तथा वित्तीय संस्थाहरुको  साझेदारीमा कृषकहरुलाई सहुलियत ऋणको व्यवस्था गरिने छ।

● तरकारी तथा दुग्ध उत्पादक कृषकहरुको प्रोत्साहनको लागी किसान पेन्सन कार्यक्रमलाई निरन्तरता दिईने छ। जसका लागी  आवश्यक बजेट व्यवस्था गरिनेछ।

● किसानले उत्पादन गरेको उपजलाई खेत बारी देखि सजिलै बजार सम्म ढुवानीको लागि कृषि एम्बुलेन्सको व्यवस्थाको लागि पहल गरिनेछ।

● जापान सरकारको सहयोगमा प्यूठान नगरपालिका-८ गेजबाङमा निर्माण भएको वेसार प्रशोधन केन्द्रलाई थप ब्यवस्थापन गरी संचालन गरिनेछ।

- नवीन कृषि प्रवर्धन कार्यक्रम अन्तर्गत नयाँ कृषि उपजहरुको परिक्षण खेती गरिनेछ। साथै रैथाने बाली संरक्षण तथा प्रवर्दन गर्न आवश्यक व्यवस्था मिलाईने छ।
- नगरपालिकामा गुणस्तरीय बाली बिकासका लागि खाद्यान्न, तरकारी, मसलाबाली, फलफूलको उन्नत जातको विउ तथा विरुवा लागत सहभागितामा वितरण गरिनेछ।
- कृषक तथा कृषक समूहहरुलाई लागत सहभागितामा भकारो सुधार, साना सिचाई र कृषि यान्त्रिकिकरणमा अनुदानको व्यवस्था गरिनेछ।
- नगरपालिकाको स्वामित्वमा रहेको चिस्यान केन्द्रलाई संचालनमा ल्याईने छ।
- व्यावसायिक मौरी पालन तथा मौरी चरण क्षेत्र बिस्तारलाई विशेष ध्यान दिईने छ।
- नगरपालिकाको माथिल्लो भेगहरुमा कागती, अलैची, ओखर, कमला र सुन्तला खेतीलाई प्रोत्साहन गरिनेछ।
- बढ्दै गईरहेको रासायनिक विषादीको प्रयोग न्यूनीकरण गर्न जैविक विषादीहरुको बारेमा व्यापक प्रचार प्रसार गरी जनचेतना जगाउने कार्यक्रम संचालन गरिने छ।
- बगर खेतीको सम्भाव्यता अध्ययन मार्फत प्यूठान नगरपालिकाको नदी किनारमा रहेको जमिनको सदुपयोग हुनेगरी बगर खेती लाई प्रोत्साहन गरिनेछ।
- पुराना र निस्कृय कृषक समूहहरुको पुनरताजगिकरण गरी सामुहिक कृषि खेतीलाई विशेष जोड दिईनेछ।
- पुराना व्यवसायिक कृषकहरुलाई मूल्य शृङखला र मूल्य अभिबृद्धी मार्फत विभिन्न Post-harvest Products हरु निर्माण गरि अधिक आम्दानीमा सहयोग हुने क्रियाकलापहरु संचालन गरिने छ।
- नगरपालिकाका सम्पूर्ण वडाहरुमा रहेका अति बिपन्न परिवारहरुको खाद्य सुरक्षालाई ध्यानमा राखी करेसाबारी निर्माणका लागि विशेष सहयोग गरिनेछ।
- नगरपालिका क्षेत्र भित्रका नयाँ र क्षमतावान कृषकहरुको पहिचान गरि उनीहरुलाई व्यावसायिक बनाउन बजारीकरणमा आधारित अनुदानलाई प्रोत्साहन गर्ने र प्राविधिक सहयोग गरिनेछ।
- रासायनिक मलको अभाव भएको र माटोमा कम हुदै गइरहेको प्रांगारिक पदार्थको मात्रा बढाउने उदेश्यले भकारो तथा गोठे मल सुधार कार्यक्रम संचालनमा ल्याईनेछ।
- बैज्ञानिक र प्रविधियुक्त कृषि उत्पादन पद्दतिलाई विशेष ध्यानमा राखी कृषक क्षमता विकासमा जोड दिइने छ।
- कृषि विकास रणनीति (२०१५-२०३५) का सूचक तथा लक्ष्यहरुलाई विशेष ध्यानमा राखी कृषि सम्बन्धि सम्पूर्ण कार्यक्रमहरु संचालन गरिनेछ।
- मानव तथा वन्यजन्तुको द्वन्द्वको कारण वर्षेनी हुने बालीनालीको हानी नोक्सानी नियन्त्रणका लागि क्रमशः नगरपालिकाको निजि, सामुदायिक र सरकारी बनहरुमा फलफूल खेती गर्ने नीति लिईनेछ।
- उत्कृष्ट कृषकहरुलाई सम्मान गरिनेछ।
- युवाहरुलाई उत्पादनमा प्रोत्साहित गर्नको लागि यूवा संग कृषि कार्यक्रम संचालन गरिनेछ।
- फलफुल नर्सरी र वेर्नारोपणलाई व्यापक रुपमा विस्तार गरी पालिकालाई सिजनल फलफुलमा आत्मनिर्भर गराईनेछ।
- जैविक मल उत्पादनलाई प्रोत्साहन गरी यसको प्रयोगलाई क्रमशः बढाउदै लगिनेछ।

पशुपन्छी तर्फ

- उन्नत पशुपालन प्रविधिको प्रचार प्रसार गरी उन्नत पशुपालन व्यवसायतर्फ अग्रसर गराइनेछ।
- पशुधन संरक्षणका लागी विभिन्न रोग विरुद्दको खोप, रोग निदान सेवा, आन्तरिक तथा वाह्यपरजिवि नियन्त्रण सेवाका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गरी पशुहरुको संक्रामक रोग नियन्त्रण गर्ने र पशुधनको सुरक्षा गरिनेछ।
- उन्नत घाँस खेतीको विस्तार गरी पशु आहाराको पूर्ति गरी उत्पादन लागत कम गरिनेछ।
- नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यलाइ वढी प्राथमिकता दिई उत्पादन र उत्पादकत्व वृद्धि गरिनेछ। .

- पशुपन्छीजन्य पदार्थ दुध, मासु, अण्डा र माछा उत्पादनमा वृद्धि गर्न कृषकहरुलाइ बजारीकरणमा आधारित अनुदानको व्यवस्था मिलाइने छ ।
- पशुपालन व्यवसायलाई व्यावसायीकरण गरी कृषकको आयआर्जन वृद्धि गरी पेशालाई मर्यादित र आत्मनिर्भर वनाइनेछ ।
- माछा पालनलाई प्रोत्साहन गरी आयआर्जनमा बृद्धि गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- पशुपन्छीजन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरी आन्तरिक माग पूर्ति गर्दै आयात प्रतिस्थापन गर्ने र निर्यात प्रवर्धन गरिनेछ ।
- आयमुलक कार्यक्रमको रुपमा कुखुरा, बाख्रा, भैंसी र वंगुर पालन कार्यक्रम संचालन गरी रोजगारीका अवसरहरु सृजना गर्नुका साथै कृषकको आयमा वृद्धि गरिदै लगिनेछ ।
- स्वस्थ पशुबाट स्वस्थ पशु उत्पादनको वृद्धि गरी आवश्यकता पूर्ति गर्ने र आयातलाइ प्रतिस्थापन गरिनेछ ।
- पशुपन्छीहरुको उत्पादन तथा उत्पादकत्व बृदि गर्न संभाव्यताको आधारमा विभिन्न पशुपन्छीहरुको पकेट क्षेत्र पहिचान गरी सो पकेटहरुमा प्याकेजका कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषकहरुले पालन गरेका पशुपन्छीहरुको मृत्यु पश्चात हुने नोक्सानी जोखिम कम गर्न पशुपन्छी विमा कार्यक्रमलाइ विस्तार गरिनेछ।
- एकीकृत रुपमा पशुस्वास्थ्य , पशु विकास , पशु आहारा, तालिम, वजारीकरणका कार्यक्रमहरुलाई घरगोठमा संचालन गर्दै पशु सेवाका कार्यक्रमहरु विस्तार गरिनेछ ।
- पशुपन्छीहरुमा विभिन्न रोगवाट हुन सक्ने क्षतिलाई वचाउनका लागी रोग निदान प्रयोगशाला सेवा विस्तार गरिनेछ, रोग नियन्त्रण खोप र उपचार सेवामा अभिबृद्दि गर्दै लगिनेछ ।
- जनजाति, दलित तथा पिछडीएका र गरिवीको रेखामुनि परेका समुदायमा कुखुरा पालन, वंगुर पालन र वजारको मध्यनजर गरी गाई भैंसी पालन कार्यक्रम संचालन गरिनेछ ।
- यूवाहरुलाई स्थानीय स्तरमानै रोजगारीका अवसरहरु प्राप्त हुने किसिमका सीपमुलक तालिम दिई रोजगारीमा वृद्धि गर्दै लगिनेछ ।
- भौगोलिक क्षेत्र र तुलनात्मक लाभको आधारमा सुहाउदो पशु पालन व्यवसायलाई बजारीकरणमा आधारित अनुदान दिई प्रोत्साहन गरिनेछ ।
- ब्यावसायिक कृषकहरुलाई सुलभ र सहज तरिकाले सस्तो व्याजमा ऋण उपलब्ध गराउन स्थानीय वित्तिय संस्थाहरुसंग समन्वय गरिनेछ ।
- दुधजन्य र मासुजन्य पदार्थमा आत्मनिर्भर नगरपालिका बनाउन आवश्यक बजेटको व्यवस्था मिलाइनेछ । कुखुरापालक कृषक, दाना व्यावसायी, मासु व्यावसायी र उपभोक्ताको सर्वपक्षीय हितलाई मध्यनजर गर्दै आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।
- सिमसार क्षेत्रमा माछा पालन गर्न प्रोत्साहन गरिनेछ ।

आर्थिक विकास तर्फको नीति तथा कार्यक्रम:

- लक्षित बर्ग तथा पिछडिएका बर्गहरुलाई विभिन्न सीप बिकास तालिम तथा सशक्तिकरण कार्यक्रम संचालन गरी आय आर्जनमा वृद्धि गरिनेछ ।
- विपन्नहरुको चुल्होमा स्थानीय सरकार कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न परिवारलाई कम्तिमा १०० दिन रोजगारी प्रदान गर्नको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।
- गरिवी निवारणका लागि लघुउद्यम कार्यक्रम (MEDPA) अन्तरगतका कार्यक्रमहरुलाई थप व्यवस्थित गरी उद्यमशिलता तर्फ अग्रसर हुन प्रेरित गरिनेछ ।
- आय आर्जनको लागि ब्यावसायीक कृषि तथा पशुपंक्षीपालन तर्फ अग्रसर हुने गरी कार्यक्रमहरु संचालन गरिनेछ ।

- यस प्यूठान नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण प्राईभेट, ब्यावसायिक, निर्माण ब्यावसाय फर्महरुको नियमित अनुगमन गरी नेपाल सरकारको नीति अनुरुप सम्बन्धित निकायमा दर्ता/नविकरण गरेर मात्र संचालन गर्ने ब्यबस्था मिलाइनेछ ।
- सहकारीहरुलाई लेखाप्रणाली व्यवस्थापन गर्न सहकारी विभागद्वारा विकसित सहकारी तथा गरिबी सम्बन्धी ब्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध गर्दै लगिनेछ ।
- संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको नीति, निर्देशिका बमोजिम नयाँ फर्म दर्ता गर्ने, नबिकरण गर्ने र नियमानुसार खारेज र नामसारी गर्न समेत सकिने नीतिको अबलम्बन गरिनेछ ।
- सहकारी संस्थाहरु स्थापनाको उद्धेश्य अनुरुप संचालन गरिनेछ ।
- नगरपालिका स्तरमा हस्तान्तरण तथा दर्ता भई सन्चालनमा रहेका फर्महरुको लगत संकलन गरी डिजिटाईजेशन गरिनेछ।
- लघू, घरेलु तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको बजारीकरणको व्यवस्थाका लागि कोसेली घरलाई थप व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्रभित्र क्रियाशिल गैर सरकारी संघ संस्थाहरुको कार्यक्रमलाई नगर तथा वडाहरुमा समन्वयात्मक रुपमा कार्य गर्ने गरी परिचालन गरिनेछ र गैर सरकारी संस्था(सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८१ बमोजिम समन्वय तथा अनुगमन सम्बन्धी क्रियाकलाप प्रभावकारी बनाईनेछ ।
- प्यूठान नगरपालिका क्षेत्र भित्रका सम्पूर्ण सहकारी संस्था, गरिवी निवारण कोष कार्यक्रमबाट गठन भएका सामुदायिक संस्थाहरु लगायत अन्य कार्यक्रमहरुको नियमित अनुगमन गरी साधारणसभा, नविकरण, लेखापरिक्षण, बचत खाता, ऋण खाता, खर्च खाता तथा खप्ने सामानहरुको जिन्सी खाताहरु अद्यावधिक गर्न लगाईनेछ। सहकारीहरुलाई नेपाल सरकारको नीति अनुसार एकिकरण  गर्ने तर्फ अग्रसरता लिईनेछ। निष्कृय भएका सहकारी तथा सामुदायिक संस्थाहरुलाई सकृय गराउन प्रयास गरिनेछ र सकृय हुन नसकेमा हिसाब मिलान गरी खारेज गरिनेछ ।
- नगरपालिका भित्र गठन भएका  सहकारी मध्ये अनुगमन गरी तथ्यांक संकलन गरी सकृय सहकारी, मध्यम सहकारी र निष्कृय सहकारीको रुपमा बर्गिकरण गरी सहकारीहरुको पार्श्वचित्र तयार गरिनेछ ।
- सहकारीहरुले विनियम बमोजिम नै कारोवार तथा क्रियाकलापहरु संचालन गर्न सहजिकरण गर्ने, विनियममा उल्लेख नभई क्षेत्रगत कारोबार गरीरहेका सहकारीहरुलाई विनियम संशोधन गरेर मात्र सम्बन्धित कारोबार गर्न लगाईने छ ।
- सहकारीमा आबद्व कर्मचारी तथा पदाधिकारीहरुको  क्षमता अभिबृद्धी गरी प्रविधी मैत्री बनाउन जोड दिईनेछ ।
- सहकारीका कर्मचारी तथा पदाधिकारीहरुलाई लेखा तथा जिन्सी सम्बन्धी तालिम संचालन गरिनेछ ।
- गरीवी निवारण कोष कार्यक्रमबाट गठन भई बर्षौ देखि निस्कृय भएका सामुदायिक संस्थाहरुको पहिचान गरी हिसाब मिलान गरिनेछ ।
- कृषि पशुपंक्षी तथा लघू उद्यमीको उत्पादन लागतमा अनुदान व्यवस्था गरी उत्पादन र वजारीकरणलाई थप टेवा पुर्‍याइनेछ ।
- सहकारी क्षेत्रको परिचालन मार्फत साना तथा लघु उद्योगहरुको स्थापना मार्फत रोजगारी सृजना गरिनेछ ।
- नगरपालिका भित्र उत्पादित हुने कृषिजन्य र उद्योगजन्य वस्तुहरुको प्रयोगलाई प्राथमिकता दिइनेछ ।
- नगरपालिका क्षेत्र भित्र स्थानीय श्रोत साधन र आवश्यकता अनुसार उद्योग स्थापनाको लागि सहकारी तथा निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- समस्याग्रस्त सहकारीहरुको समस्या समाधानका लागि पहल गरिनेछ ।

पूर्वाधार तर्फ

- एक घर एक धाराको नीतिलाई कार्यक्रममा रुपान्तरण गरी क्रमबद्ध रुपमा सम्पन्न गरिनेछ।
- १ वडा १ कालो पत्रे सडकलाई निरन्तरता दिईने छ ।

- टोलस्तरका बाटोहरुमा लागत साझेदारी गर्न ईच्छुक टोल बिकास संस्थाका योजनाहरुको निर्माणलाई विशेष प्राथमिकता दिईनेछ ।
- सञ्चालनमा रहेका सडकहरुको स्तरोन्नतिलाई प्राथमिकता दिइनेछ ।
- विजुवार पक्कीपूल देखि नगरपालिका प्रशासनिक भवन सम्मको बाटोलाई कालोपत्रे तथा सौन्दर्यकरण गरिनेछ ।
- झोलुङ्गे पूल निर्माणलाई निरन्तरता दिन लागत सहभागिताको रकम व्यवस्थापन गरिनेछ साथै निर्मित झोलुङ्गे पुलको संरक्षणलाई निरन्तरता दिईनेछ ।
- अव्यवस्थित रुपमा संचालन भईरहेको साना गाडी, मोटरसाईकल मर्मत केन्द्रहरु केन्द्रीकृत गरी व्यवस्थित अटोभिलेज नगरपालिकाको स्वामित्वमा सञ्चालनमा ल्याईनेछ ।
- निर्माण हुने सबै नयाँ सडक तथा हाल रहेका सवै सडकहरुको संरक्षणको लागि क्रमिक रुपमा नाला निर्माण गर्दै लगिनेछ ।
- सिचाई योग्य जमिनमा सिचाइका पूर्वाधारहरु निर्माण गरिनेछ र निर्मित सिचाईका पूर्वाधारहरुको मर्मत तथा सम्भारका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाको आम्दानी संग जोडिने गरी औद्योगिक ग्राम सञ्चालन प्रक्रिया कानून अनुसार प्रक्रिया अगाडी बढाईनेछ ।
- भवन निर्माण आचारसंहितालाई कडाई पूर्वक लागु गरिनेछ । घर अभिलेखीकरण सम्बन्धी कार्यलाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक भवनहरु निर्माण गर्दा अनिवार्य रुपमा संघीय भवन निर्माण मापदण्ड लागू गरिनेछ ।
- योजना तर्जुमा गर्दा स्थानीय आवश्यकता, उपलव्ध श्रोत साधन र प्राविधिक दृष्टिले लाभदायी हुने र उत्कृष्ट प्रतिफल दिने योजना छनौट गर्ने कार्यलाई थप प्राथमिकिकरण दिइ योजना छनौट गरिनेछ ।
- प्यूठान नगरपालिका ३ मा रहेको जुम्री बसपार्कलाई आफ्नै स्वामित्वमा लिन पहल गरिनेछ ।
- उपभोक्ता, निर्माण व्यवसायी वा अन्य निकायवाट योजना कार्यान्वियन गर्दा बजेटको र कृयाकलापको विवरणलाई थप स्पष्ट हुने गरी समिति र सरोकारवाला समुदाय र पक्षलाई जानकारी दिनु पर्ने नीतिलाई प्रभावकारी रुपमा अगाडी वढाइनेछ।
- नगर क्षेत्रभित्रका खोला नाला, खोल्सीहरुमा पक्की पुल, झोलुङ्गे पुल, ट्रस ब्रीज र कल्भर्ट निर्माण गरी आवागमनलाई सहजता प्रदान गर्ने नीति लिइनेछ।
- स्वीकृत कार्यक्रम र कृयाकलाप अनुसार समय अवधि भित्र कार्य सम्पन्न गर्ने गराउने कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाइनेछ ।
- बृहत विजुवार साना शहरी खानेपानी तथा सरसफाई संस्थालाई व्यवस्थापकीय पक्षमा सहयोग गर्दै लगिनेछ ।
- नगरपालिकामा उपभोक्ता समितिबाट संचालन हुने स-साना भौतिक पूर्वाधार निर्माणका योजनाहरुमा मेसिनरी उपकरण (डोजर) प्रयोग निरुत्साहित गरी मानव संसाधनको परिचालन गरी रोजगारी सृजना गरिनेछ ।
- समपुरक अनुदान, सडक बोर्डका कार्यक्रमहरु र झोलुङ्गे पुल कार्यक्रममा लागत सहभागिताकालागि समपुरक कोषको व्यवस्थापन गरिनेछ ।
- नगरभित्र सवै क्षेत्रमा विद्युतको थ्री फेज लाईन विस्तारका लागि क्रमवद्ध रुपमा पहल गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र भएका खेलमैदानहरुको निर्माण तथा स्तरउन्नती गरिनेछ ।
- नगरपालिकामा निर्माण हुने सार्वजनिक भवनहरु अनिवार्य रुपमा अपाङ्गमैत्री र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण अनुरुप हुनुपर्ने व्यवस्था लागु गरिनेछ ।
- नगर यातायात गुरु योजना तर्जुमा गरी लागु गरिने छ ।
- पूर्वाधार शाखालाई लागत अनुमान र नाप नक्सा गर्न आवश्यक पर्ने नविन प्रविधिहरु खरिद गरी शाखाको कामलाई प्रभावकारी बनाईने छ ।

## सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

- नगरपालिका वा सो अन्तरगतका निकायबाट प्रवाह गरीने सेवा प्रवाहलाई पारदर्शी बनाउन प्रविधिमैत्री सेवा प्रवाह गरिनेछ।
- कर्मचारी प्रोत्साहनको लागि कार्यसम्पादनको आधारमा प्रत्येक नगरसभामा उत्कृष्ट कर्मचारीलाई सम्मान गरिनेछ।
- पालिकाको पहिचान झल्कने प्रतिक चिन्ह(LOGO) प्रयोगमा ल्याईनेछ।
- मदिरा उत्पादन विक्रि वितरण तथा ओसारपसार लाई व्यवस्थित गरिनेछ। मदिरा सेवन क्रियालाई निश्चित स्थान र समय तोकिनेछ। यसको लागि मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधी बनाई लागु गरिनेछ।
- नागरिक सहायतालाई भौतिक तथा मौजुदा जनशक्तिको उचित परिचालन गरी सुदृढ बनाउदै लगिनेछ।
- नगरपालिका कार्यालय, वडा कार्यालय र प्यूठान अस्पताललाई Free WiFi Zone बनाईनेछ।
- प्यूठान नगरपालिकाको कानून तर्जुमा सम्बन्धी कार्यविधी , २०८१ अनुरुप कानूनको तर्जुमा सन्दर्भमा माग संकलन, मस्यौदा तयार, तर्जुमा र राजपत्र प्रकाशन कार्यलाई प्रभावकारी बनाईनेछ।
- नगरपालिकाको वेवसाईट मार्फत प्रत्येक क्रियाकलापहरुको विवरण तथा फोटोहरु निरन्तर अद्यावधिक गरिनेछ।
- वडाको कार्यसम्पादन सुधारको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरिनेछ।
- वडा कार्यालय नभएको वडाहरुमा जग्गाको व्यवस्थापन गरी वडा कार्यालयहरु निर्माण गर्दै लगिनेछ।
- प्रत्येक वडा तथा शाखामा सेवाग्राहीको सेवा सन्तुष्टी मापनको लागि आवश्यक व्यवस्था मिलाईनेछ।
- सेवाग्राही र सेवा प्रदायक विच नियमित संवाद मार्फत सम्पादीत कामको विषयमा सेवा ग्राहीको पृष्टपोषण लिन गुनासो तत्काल सम्बोधन गर्न र कार्य सम्पादनमा सुधार ल्याउन आवश्यक कार्य गरिनेछ।
- गुनासो सुनुवाईलाई Digitize गर्दै लैजाने र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिनेछ।
- स्थानीय तह भित्रका बजार अनुगमनलाई प्रभावकारी र सघन बनाइने छ। कालो बजारी, चोक चोकमा भएका यातायातका सिन्डीकेटहरु जस्ता अवान्छित र गैर कानुनी कृयाकलापलाई स्थानीय प्रशासनसंग सहकार्य गरी कडाइका साथ नियन्त्रण गरी जनतालाई गाउँको सिंहदरवारको अनुभुति गराइने छ।
- नगरपालिकामा नगर प्रहरीको व्यवस्था गरिनेछ।
- नगरपालिकामा भएका वेरुजुको न्युनिकरण र फस्यौट कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने। वित्तिय शुसासन कायम गर्दै वेरुजु आउनै नदिने परिपाटिको विकास गर्ने।
- प्यूठान नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी र जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिनेछ।
- प्यूठान नगरपालिका क्षेत्रभित्र रहेका सार्वजनिक र सरकारी जग्गाहरुको लगत संकलन गरी अभिलेख राखिनेछ।
- नगरपालिकाबाट हुने गतिविधिमा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।
- नगरप्रमुखले प्रमुख प्रशासकीय अधिकृत संग कार्यसम्पादन सम्झौता गर्ने र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख तथा वडा सचिवहरुसंग कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाईनेछ। सबै कर्मचारीहरुको कार्यविवरण उपलब्ध गराई दण्ड र पुरस्कारलाई कार्यसम्पादनसंग आवद्ध गरिनेछ।
- सेवा प्रवाहको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ।
- डिजिटल नागरीक बडापत्र, सोधपुछ कक्ष, नागरिक सहायता कक्ष, गुनासो सुन्ने अधिकारी को व्यवस्था गरी नागरीक गुनासो व्यवस्थापन गरिने छ। सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण गरी सेवा प्रवाहहरुलाई सरल, सहज र जवाफदेही बनाईने छ।

<u>न्यायिक समिति तर्फका  नीति तथा कार्यक्रमहरु</u>

- स्थानीय तहका विवादहरु स्थानीय तहमानै समाधानका लागि "विवादको साटो मेलमिलापको बाटो"अभियान समुदाय तहसम्म सचेतनाका माध्यमबाट संचालन गरिनेछ।

● न्यायिक समितिका पदाधिकारी र कानुन ईकाइमा कार्यरत कर्मचारी हरुलाई कार्य सम्पादन सम्बन्धी कानुनी प्रकृया, मेलमिलाप प्रकृया, प्रमाण संकलन, लिखत तयार र फैसला लेखन सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छ। यस सम्बन्धमा कानुनका विज्ञसंग आवश्यक पर्ने कानुनी परामर्श लिन सकिने छ।

● न्यायिक समितिको काम, कर्तव्य र अधिकार सम्बन्धमा समुदाय तह सम्म जनचेतना अभिवृद्धि गर्न सचेतना अभियान, सामाजिक संजालको प्रयोग, सुचना प्रवाह, मोबाईल क्याम्प र सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिने छ।

● प्रत्येक वडामा कम्तिमा ६ जना मेलमिलाप कर्ता हुने गरी वडा मेलमिलाप केन्द्र स्थापना गरिने छ। सरोकारवाला निकायहरु संग आवश्यक समन्वय र सहकार्य मा जोड दिईने छ।

● जिल्लास्तरमा अन्यपालिकाहरुसँग समन्वय गरी एकीकृत सुरक्षित आवास गृह (safe house) निमार्णमा सहयोग गरिनेछ।

रोजगार तर्फ

● नगरपालिकाबाट सञ्चालन हुने योजनाहरुमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराइनेछ।

● रोजगारी सृजना गर्दा निम्न आर्थिक अबस्था भएका परिवारका सदस्यलाई प्राथमिकतामा राखी अवसर दिइनेछ।

● रोजगारी सृजना गर्दा सडक निर्माण तथा मर्मत सम्भार, कृषि तथा सिंचाई, ग्रामीण खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा, वन तथा जलाधार, पर्यटन क्षेत्रहरुमा केन्द्रित गरिनेछ।

● पानीको मुल संरक्षणको लागि उपयुक्त स्थलहरु छनौट गरी सबै वडाहरुमा पानी पुनर्भरण पोखरी निर्माण कार्यलाई अभियानको रुपमा अघि बढाईनेछ।

● स्थानीय रोजगार रणनिती तयार गरी रोजगारका अवसर सृजना गरिने छ।

● नगरपालिकाबाट संचालन हुने भौतिक पुर्वाधारका आयोजनाहरुमा आवश्यक पर्ने निर्माण सामग्रीमा स्थानीय सामग्रीहरुको प्रयोगमा प्राथमिकता दिइने छ।

● सार्वजनिक निर्माण कार्यहरुमा स्थानीय श्रमलाई प्राथमिकता दिइने छ।

● नगरपालिकामा रोजगार बैंकको स्थापना गरी दक्ष अदक्ष तथा शैक्षिक बेरोजगारको वर्गीकृत तथ्यांक संकलन गरीनेछ र रोजगार बैंकमा समावेश व्यक्तिहरुलाई रोजगारीको अवसरमा प्राथमिकता दिइने छ।

सामजिक सुरक्षा तथा संरक्षणः

● जिल्ला शान्ति समिति बाट प्रमाणित जनयूद्ध तथा लोकतन्त्र प्राप्तिका लागी शहिद भएका परिवारलाई मासिक बिशेष भत्ता दिने कार्य प्रारम्भ गरिने छ।

● दलित समुदायको समग्र विकासका लागि प्यूठान नगरपालिकामा बनेको ऐन कार्यान्वयनमा ल्याईने छ।

● विपन्न, गरीव, जेष्ठ नागरिकहरुलाई सेवा प्रदान गर्ने गरी नगर बस संचालनमा ल्याईने छ।

महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तर्फ

● महिला, बालबालिका, जेष्ठ नागरीक तथा अपाङ्गता भएका ब्यक्तिहरुको तथ्याङ्क संकलन गरी तथ्याङ्क अध्याबधिक गरीने छ।

● नगरपालिकाबाट निर्माण हुने भौतिक संरचनाहरु अपांगमैत्री, महिला मैत्री बनाइनेछ।

● बाल क्लवहरु गठन सञ्चालन र परिचालन गर्न बजेटको व्यवस्था गरिनेछ।

● घरेलु हिंसा, लैंगिक हिंसा विरुद्धका अभियानहरु सञ्चालन गर्दै नगरपालिकामा हिंसा न्युनिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

● प्यूठान नगरपालिकालाई लैंगीक हिंसामुक्त नगर घोषणाका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- हिंसा पिडित महिला,आर्थिक रुपले विपन्न महिला,अपाङ्गता भएका व्यक्तिहरुको लागि सीपमुलक तालिमहरु प्रदान गरी आत्मनिर्भर गराईनेछ ।
- नगरपालिकाभित्रका सवै वडाहरुमा जेष्ठ नागरिकहरुलाई सम्मान गरिनेछ ।
- जेष्ठ नागरिकहरुमा भएका ज्ञान र सीपलाई तल्लो पुस्तामा हस्तान्तरण गर्नको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्यूठान नगरपालिकामा भएका ग वर्गका अपांगता भएका व्यक्तीहरुलाई प्रदान गर्दै आएको भत्तालाई निरन्तरता दिइने छ ।
- जनयुद्ध तथा जनआन्दोलनका सहिद परिवार, वेपत्ता परिवार, घाइते, अपांग तथा द्वन्द्व पिडितहरुलाई उनीहरुको माग र आवश्यकताका आधारमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको घरदैलोमा पुर्याउने कार्यलाई निरन्तरता दिईनेछ ।
- दलित महिला अपाङ्ग र द्वन्द पिडितहरुलाई उद्योग स्थापनामा सहुलियत सहित प्रोत्साहन गरिनेछ ।
- दलित आमा समूह भवन निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।
- लागु औषध दुर्व्यसन तथा आत्महत्या निर्मूलीकरण सम्बन्धि कार्यक्रमहरु विद्यालयस्तर, वडास्तरमा सञ्चालन गरिनेछ ।
- बालमैत्री वडा तथा पालिका घोषणा कार्यक्रमलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।
- नगरपालिकालाई बाल विवाह मुक्त पालिका घोषणा गर्ने लक्ष्य राखी कार्यक्रम अगाडि बढाईनेछ । विद्यालयमा किशोरी आत्मरक्षा तालिम संचालन गरिनेछ ।

<u>सूचना प्रविधि तर्फका नीति तथा कार्यक्रम</u>

- नगरपालिकामा सूचना केन्द्र स्थापना गरी सेवा प्रवाहलाई सुचनामैत्री बनाईनेछ ।
- नगरपालिकाका जरुरी दस्तावेज तथा रिपोर्टहरु भण्डारणका लागि cloud based server सुचारु गरिनेछ ।
- कार्यालयको वेवसाइट र मोबाइल एप मार्फत नगरपालिकाको नीति, नियम, कार्यक्रम र सम्पूर्ण आय-व्यय विवरणहरु सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।
- डिजिटल बोर्ड जडान गरी नगरपालिका भित्रका पर्यटकीय तथा गौरबका योजनाहरुको भिडियो तयार गरी प्रचारप्रसार तथा प्रशारण गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरकार्यपालिका, वडा कार्यालयहरु र अन्तर्गतका प्रशासनिक ईकाइहरुमा सञ्जालीकरणका माध्यमबाट श्रव्य-दृष्य नागरीक वडापत्र, गुनासो व्यवस्थापन सूचना प्रणाली, टोल फ्री नम्वर, श्रव्य सूचना वोर्ड, अन्य विभिन्न व्यवस्थापन तथा सूचना प्रणालीहरु, नगर पार्श्व चित्र, सिसि क्यामेरा, ईमेल, जनसंख्या गणना तथ्याङ्क, भू-सूचना, अनलाईन वैठक सफ्टवेयरहरु र म्यासेजिङ समेत एकीकृत रुपमा सञ्चालन गरिनेछ ।
- नागरिकहरुलाई पालिकाको कोठा कोठा धाउने परिस्थितिको अन्त्यको लागि सेवा प्रबाहलाई प्रविधिमैत्री बनाईनेछ ।
- सूचना प्रविधिको प्रयोग गरी तथ्याङ्कको संकलन, अद्यावधिक र अभिलेख व्यवस्थापन गरिनेछ ।
- दर्ता चलानी र सिफारिस प्रकृयालाई सूचना प्रविधि मैत्री बनाईनेछ ।
- सफ्टवेयर मार्फत पारिवारिक लगत संकलन गरी डिजिटल Database लाई Upgrade गरिनेछ ।
- नगरपालिका भित्रका महत्वपूर्ण स्थानहरुको GIS MAP तयार गरिनेछ ।
- प्रत्येक शाखाहरुका फाईलहरु सर्भर BACKUP गरिनेछ ।
- DOIT को सहयोगमा विधालयहरुमा DIGITAL TEACHING AND E-LEARNING को व्यवस्था मिलाईनेछ ।
- वडा, स्वास्थ्य संस्था तथा सामुदायीक विधालयहरुमा ई-हाजिरीको RECORD नगरपालिका मा अभिलेख व्यवस्थापन गरिनेछ ।

राजस्व तर्फ

● आन्तरिक राजस्वका प्रमुख श्रोतहरुको सम्भाव्यता पहिल्याई समस्याको पहिचान गरी प्रभावकारी कार्यान्वयनको निति अबलम्बन गरीने छ।

● राजश्व सूधार कार्ययोजना तर्जुमा गरी नगरपालिकाको आन्तरिक राजश्व वृद्धिका लागि आवश्यक कार्यहरु गरीने छ।

● समयमै कर तिर्ने करदातालाई प्रोत्साहन र पुरस्कृत गर्ने तथा कर तिर्न अटेरी गर्ने वा कर नतिर्ने प्रवृतिलाई निरुत्साहित गरीने छ।

● नियमित अनुगमन टोली परिचालन गरी करको दायरामा नआएका करदाता एवं व्यवसायीहरुको पहिचान गरी करको दायरा भित्र ल्याइने छ।

● करको दायरालाई बढाउदै "कर प्रणालीमा सुधार, नगरपालिका विकासको मुल आधार" भन्ने अवधारणा अनुसार अघि बढिनेछ।

● प्रगतिशिल कर प्रणालीलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

● जनताको कर जनतालाई नै भन्ने सिद्धान्तलाई सार्थक बनाउन करदाता शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।

● नगरपालिकामा तिर्नुपर्ने सम्पूर्ण करहरुलाई महालेखा नियन्त्रकको कार्यालयद्वारा विकसित सफ्टवेयर (SuTRA)मा आवद्ध गरी कर संकलन गरिनेछ ।

● घर बहाल कर असुलउपर गर्दा नगरबासीहरुको स्वघोषणाको आधारमा आर्थिक ऐनमा उल्लेख भएको दर अनुसार गरिनेछ।

● नदीजन्य पदार्थको प्रभावकारी उपयोग गर्न आवश्यक प्रबन्ध मिलाईनेछ।

विपद् तथा वातावरण तर्फ

● विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तथा जोखिम न्यूनीकरण कार्ययोजना बनाइ लागु गरिनेछ।

● विपद जोखिम क्षेत्रको नक्सांकन तथा वस्तीहरुको पहिचान गरी स्थानान्तरणको लागि पहल गरिनेछ।

● आगलागीबाट वस्ती तथा वन जंगल संरक्षणको लागि अग्नीरेखाको निर्माण गर्ने र नदी तथा खोला कटान र वाढी पहिरो नियन्त्रणको लागि तटवन्धन निर्माण गरिनेछ।

● वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी वातावरण संरक्षणमा थप ध्यान दिइनेछ।

● विपद कोष स्थापना गरी तत्काल राहत, विपद प्रतिकार्य, विपद व्यवस्थापन र विपद न्यूनीकरणको कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाईनेछ।

● नगर क्षेत्रभित्रका सरकारी वन, सामुदायिक वन तथा कबुलियती वनक्षेत्रलाई व्यवस्थित गरी वन संरक्षण तथा प्रवर्द्धन गरिनेछ।

● कुहिने र नकुहिने फोहोरलाई श्रोतमानै वर्गिकरण गरी फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम सञ्चालन गरिनेछ।

● विपद पूर्व सूचना प्रणालीको स्थापना गरी विपदवाट हुने नोक्सानीलाई न्यूनीकरण गरिनेछ।

● सफा र सुन्दर नगर स्थापना लागि प्रत्येक वस्तीहरुमा टोल विकास संस्था गठन गरी चेतनामूलक तालिम दिइ सरसफाइमा संलग्न गराइने छ।

● पूर्ण सरसफाईयूक्त र वातावरण मैत्री नगर स्थापनाको लागि नगरपालिकावाट थप पहल गरिनेछ।

● प्लास्टिक झोलाको प्रयोग लाई निरुत्साहित गर्दै पूर्ण प्लास्टिक झोला रहित पालिका निर्माण गरिने छ।

● नदी तथा खोलाहरु स्वच्छ राख्न चेतनामूलक कार्यक्रम सञ्चालन गरी नदी तथा खोलाहरुमा फोहर फ्याक्नवाट रोकिने छ र नदी किनारामा सुन्दर उद्यान निर्माण कार्यलाई अगाडी बढाइनेछ।

● झिमरुक करिडोरलाई हरित सडकका रुपमा स्तरउन्नती गरिनेछ।

● झिमरुक नदी, जुम्रीखोला, खप्रेङखोला, भुसवाङ खोला, दहखोला, जुङ खोला, लुङ खोला, दहरेखोला, चुदरीखोला, चितिखोला, ढुंगेठाटी खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यक पहल गरिनेछ ।

● झिम्रुक नदीमा रहेको ढुंगा गिट्टी उत्खननलाई व्यवस्थापन गर्न आवश्यकताअनुसार मेसिनरी औजार (डोजर) को प्रयोग गरिनेछ ।

● सहरी सौन्दर्य र स्वच्छताको लागि नदी किनार र बजारका सडक तथा खाली जमिनमा विरुवा रोप्ने साथै समुदायको सहकार्यमा एक वडा एक पार्कको नीति बनाउने र विपत जोखिम नियन्त्रण गर्न जैविक उपाय हरु अपनाईने छ ।

● फोहर मैला व्यवस्थापन गर्न स्थायी स्थलको पहिचान गरी उक्त स्थानमा फोहर मैला व्यवस्थापन गरिने छ ।

● स्थानीय आपतकालीन कोष स्थापना गरिने छ ।

● सिचाई तथा खानेपानीका श्रोतहरुको संरक्षण गरिने छ ।

पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

● पर्यटकीय स्थल, पार्क, सांस्कृतिक सम्पदाहरुको व्यवस्थापन निर्देशिका, २०८१ लाई कार्यान्वयनमा लगिनेछ ।

● भित्रिकोट, खैराकोट, शहीद पार्क, दाखाकोट, झुलेनी, लिस्ने, मरन्ठानाकोट, बाइसधारा, युद्ध पर्यटकीय स्थल, ठुला मूल, साततले लभडाँडा पर्यटकीय क्षेत्र, गेजबाङ सहिद पार्क, धर्मावती, नेपाने पर्यटकीय स्थल,सालघारी सिस्टरपार्क लगायत अन्य पर्यटकीय क्षेत्रहरुलाई थप विकास गरी पर्यटकहरुलाई भित्राउनमा जोड दिइनेछ ।

● वहु उद्धेश्यीय सभाहल निर्माणको गुरु योजना अनुसार निर्माणको कार्यलाई अगाडी बढाइनेछ।

● नगरपालिका भित्र भएका पर्यटकिय क्षेत्रको पहिचान गरी संरक्षण र प्रवर्द्धन गरीने छ ।

● पर्यटन प्रवर्द्धनका लागि संघ प्रदेश र सरोकारवाला संघ सस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

● होमस्टे सञ्चालन गरी पर्यटन प्रवर्द्धन गर्दै रोजगारी समेत सृजना गरिनेछ ।

● एक वडा एक साँस्कृतिक ग्राम अन्तरगत प्यूठान नगरपालिका वडा नं ७ र वडा न ४ मा खस आर्य साँस्कृतिक ग्राम निर्माणलाई निरन्तरता दिइनेछ ।

● एउटा वडामा कम्तीमा पनि एउटा आकर्षण पर्यटकीय गन्तव्यको विकास गरिनेछ ।

उपरोक्त नीतिका आधारमा कार्यक्रम र बजेट सम्मानित सभामा प्रस्तुत गरिनेछ । बजेटको कार्यान्वयनको लागि सबै जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु, सम्बद्ध निकायहरु साथै सम्पूर्ण नगरबासीहरुमा रचनात्मक सहयोगको अपेक्षा गरेको छु । यस नगरपालिकाको सीमित श्रोत र साधनले सम्बोधन गर्न नसकेका नगर गौरवका आयोजनाहरु, अन्य स्वीकृत आयोजना तथा कार्यक्रमहरुलाई कार्यान्वयन गरी नगरपालिकाको समग्र विकास निर्माणलाई पूर्णता दिने कार्यमा संघ तथा प्रदेश सरकारसंग आवश्यक सहयोगको लागि हार्दिक अनुरोध गर्दछु । यस घोषित नीतिबाट प्यूठान नगरपालिकालाई समृद्ध बनाउने दिशातर्फ अग्रसर हुन जनप्रतिनिधीज्यू, विषयगत समितीहरु, कार्यालय प्रमुख एवम् कर्मचारीहरुलाई अनुरोध गर्दै नीति तथा कार्यक्रम निर्माणमा सहयोग पुर्‍याउनु हुने सबैलाई धन्यबाद ज्ञापन गर्दछु ।
धन्यबाद ।

**विष्णु बहादुर योगी**
**नगर प्रमुख**
**प्यूठान नगरपालिका**
**२०८२/०३/१०**